# अर्थ बुलेटिन

वर्ष ३ अंक ११ जेठ, २०७९

## नेपाल सरकार
## अर्थ मन्त्रालय



## सम्पादकीय

- आर्थिक वर्ष २०७८/७९ को जेठसम्म राजस्व परिचालन १६.० प्रतिशतले वृद्धि भएको छ। संघीय सरकारी खर्च १३.० प्रतिशतले वृद्धि भएको भए तापनि पूँजीगत खर्चमा ३.६ प्रतिशतले कमी आएको छ। वैदेशिक सहायता प्रतिवद्धता गत आर्थिक वर्षको तुलनामा ११.१ प्रतिशतले वृद्धि भएको छ।
- वैदेशिक व्यापारमा भारतसँग हुने व्यापारको हिस्सा बढेको छ। कुल वस्तु निर्यात र आयात दुवै वृद्धि भएको छ। निर्यातमा उल्लेख्य वृद्धि भएको भएता पनि आयात व्यापारको आकार ठूलो भएको कारण व्यापार घाटा बढेको छ। कुल व्यापारमा आयातको अंश करिब ९० प्रतिशत माथि रहेको छ।
- व्यक्तिगत तथा व्यावसायिक स्थायी लेखा नम्बर लिने करदाताको सङ्ख्या बढेसँगै करको दायरा विस्तार भएको छ। कम्पनी दर्ता संख्यामा वृद्धि भएको छ।
- वार्षिक विन्दुगत उपभोक्ता मुद्रास्फिति बढेको छ।
- वैदेशिक रोजगारमा जाने कामदारको संख्या गत वर्षको तुलनामा उल्लेख्य वृद्धि भएको छ भने विप्रेषण आप्रवाहमा सुधार आएको छ। पर्यटन आगमनमा उल्लेख्य वृद्धि भएको छ। चालु खाता र शोधनान्तर स्थिति दुवै घाटामा छन्। फलस्वरूप विदेशी मुद्रा सञ्चिति समेत घटेको छ। समग्रमा अर्थतन्त्रका बाह्य क्षेत्रका परिसूचकहरूमा परेको चाप कायमै छ।

**प्रकाशन तथा सम्पादन**

आर्थिक नीति विश्लेषण महाशाखा

सिंहदरवार, काठमाडौं

## मुलुकको वर्तमान आर्थिक परिदृष्य

### संघीय सरकारी खर्च

१. आर्थिक वर्ष २०७८/७९ को जेठ महिनासम्म संघीय सरकारको कुल खर्च गत आर्थिक वर्षको सोही अवधिको कुल खर्च रू. ९ खर्ब १६ अर्ब ८५ करोडको तुलनामा १३.० प्रतिशतले वृद्धि भई रू. १० खर्ब ३५ अर्ब ६१ करोड पुगेको छ। कुल खर्च मध्ये चालु खर्च रू. ८ खर्ब १४ अर्ब ५४ करोड, पूँजीगत खर्च रू. १ खर्ब ३७ अर्ब ९६ करोड र वित्तीय व्यवस्था तर्फ रू. ८३ अर्ब १० करोड रहेको छ। यस अवधिको चालु खर्चमा १६.३ प्रतिशतले वृद्धि भएको छ भने पूँजीगत खर्चमा ३.६ प्रतिशतले कमी आएको छ। त्यस्तै, वित्तीय व्यवस्था तर्फको खर्चमा १३.६ प्रतिशतले वृद्धि भएको छ।

**तालिका (क): पछिल्लो ५ वर्षको जेठ महिनासम्मको खर्चको स्थिति** (रू. करोडमा)

| विवरण/आ.व. | २०७४/७५ | २०७५/७६ | २०७६/७७ | २०७७/७८ | २०७८/७९ |
|---|---|---|---|---|---|
| चालु | ६२२१२.२८ | ६०८८५.०८ | ६७०५२.०१ | ७००६१.४१ | ८१,४५४.११ |
| पूँजीगत | १६२३०.०२ | १५१४६.८५ | १२६२६.९३ | १४३०८.९४ | १३,७९६.३१ |
| वित्तीय व्यवस्था | ७७४२.०६ | ६६१२.९२ | ८६२०.७७ | ७३१५.०५ | ८,३१०.३५ |
| **कुल** | ८६१८४.३६ | ८२६४४.८५ | ८८२९९.७१ | ९१६८५.४० | १०३५६०.७७ |

स्रोतः अर्थ मन्त्रालय/महालेखा नियन्त्रक कार्यालय

२. चालु आर्थिक वर्षको पहिलो एघार महिनाको कुल संघीय सरकारी खर्चमा असोज, जेठ र पुष महिनामा खर्च प्रतिशत सबैभन्दा बढी क्रमशः १४.० प्रतिशत १२.२ प्रतिशत र ११.६ प्रतिशत रहेको छ भने साउन र कात्तिक महिनामा सबैभन्दा कम क्रमशः १.० प्रतिशत र ५.१ प्रतिशत रहेको छ ।

**तालिका (ख): चालु आर्थिक वर्षको संघीय सरकारी खर्चको मासिक विवरण** (रू. करोडमा)

| महिना | चालु खर्च | पूँजीगत खर्च | वित्तीय व्यवस्था | कुल संघीय खर्च | खर्च भार |
|---|---|---|---|---|---|
| साउन | ९५५.७५ | ९३.५ | ० | १०४९.२५ | ०.०१० |
| भदौ | ४९०३.७३ | १६७.३७ | २८७३.२३ | ७९४४.३३ | ०.०७७ |
| असोज | १२७९२.८६ | १२२८.०६ | ४३७.८७ | १४४५८.७९ | ०.१४० |
| कात्तिक | ४६९८.४५ | ५९०.२८ | १२.८२ | ५३०१.५५ | ०.०५१ |
| मङ्सिर | ८३८२.०९ | ७६१.१४ | ८०६.२८ | ९९४९.५१ | ०.०९६ |
| पुष | ८९०८.१४ | २२४०.४५ | ८१७.२८ | ११९६५.८७ | ०.११६ |
| माघ | ६९२१.३८ | ९९८.१६ | ५१३.६५ | ८४३३.१९ | ०.०८१ |
| फागुन | ६२८१.१७ | १६३५.७२ | ५१०.३२ | ८४२७.२१ | ०.०८१ |
| चैत | ८७१५.३२ | २६६४.४३ | ५२५.११ | ११९०४.८६ | ०.११५ |
| वैशाख | ९१२८.५८ | १४४७.८१ | ८७४.८१ | ११४५१.२ | ०.१११ |
| जेठ | ९७६६.६४ | १९६९.३९ | ९३८.९८ | १२६७५.०१ | ०.१२२ |
| **जम्मा** | **८१४५४.११** | **१३७९६.३१** | **८३१०.३५** | **१०३५६०.७७** | **१** |

स्रोतः अर्थ मन्त्रालय/महालेखा नियन्त्रक कार्यालय

http://www.mof.gov.np इमेलः epad@mof.gov.np फोन नं.: ०१-४२११३२६ फ्याक्स नं. : ०१-४२११३२५

## राजस्व परिचालन

३. आर्थिक वर्ष २०७८/७९ को जेठ महिनासम्म संघीय सरकारको कुल राजस्व गत आर्थिक वर्षको सोही अवधिको कुल राजस्व रू. ८ खर्व १२ अर्व ३५ करोडको तुलनामा १६.० प्रतिशतले वृद्धि भई रू. ९ खर्व ४२ अर्व १३ करोड पुगेको छ। कुल राजस्वमा कर राजस्व रू. ८ खर्व ७२ अर्व ५४ करोड र गैरकर राजस्व रू. ६९ अर्व ५९ करोड रहेको छ। साथै यस अवधिमा अन्य प्राप्ति सहित कुल प्राप्ति रू. ९ खर्व ८५ अर्व ५७ करोड भएको छ।

**तालिका (ग): पछिल्लो ५ आर्थिक वर्षको पहिलो एघार महिनाको राजस्व परिचालनको स्थिति** (रू. करोडमा)

| आ.व. | २०७४/७५ | २०७५/७६ | २०७६/७७ | २०७७/७८ | २०७८/७९ |
|---|---|---|---|---|---|
| कर | ५६८२३.२६ | ६४८०३.७९ | ५८८३७.२७ | ७५८३७.५६ | ८७२५३.९७ |
| गैर कर | ६१२५.९२ | ७१३५.५५ | ५९४४.५२ | ५३९७.७४ | ६९५८.६० |
| कुल राजस्व | ६२९४९.१८ | ७१९३९.३४ | ६४७८१.७९ | ८१२३५.३० | ९४२१२.५७ |

स्रोतः अर्थ मन्त्रालय/महालेखा नियन्त्रक कार्यालय

**तालिका (घ): पछिल्लो दुई आर्थिक वर्षको जेठसम्मको राजस्व असुलीको विवरण** (रू. करोडमा)

| कर शीर्षक | आ.व.२०७८/७९ वार्षिक लक्ष्य रू करोडमा | २०७७/७८ जेठसम्मको संकलन | २०७८/७९ जेठसम्मको संकलन | जेठसम्मको लक्ष्य | असुली प्रतिशतमा | प्रतिशत परिवर्तन |
|---|---|---|---|---|---|---|
| **भन्सार महशुल** | **२७,८९२.४०** | **२०,१७५.८६** | **२२,२३३.०४** | **२५,३८२.७०** | **८७.६** | **१०.२** |
| **मूल्य अभिवृद्धि कर** | **३१,६३६.१०** | **२५,१४९.२४** | **२८,४२३.२५** | **२८,५३१.३६** | **९९.६** | **१३.०** |
| उत्पादन, बिक्री, सेवा | १३,६६७.३१ | १०,२८४.५८ | १०,०६८.९९ | १२,१३१.४० | ८३.० | (२.१) |
| पैठारी | १७,९६८.७९ | १४,८६४.६७ | १८,३५४.२६ | १६,३९९.९६ | १११.९ | २३.५ |
| **अन्तःशुल्क** | **१८,२१६.७८** | **१२,१९०.८१** | **१५,४३८.५७** | **१७,२११.००** | **८९.७** | **२६.६** |
| आन्तरिक उत्पादन | ११,०७६.५० | ७,४७५.०० | १०,०६८.९९ | १०,४९१.२६ | ९६.० | ३४.७ |
| पैठारी | ७,१४०.२८ | ४,७१५.८१ | ५,३६९.५८ | ६,७१९.७५ | ७९.९ | १३.९ |
| **शिक्षा सेवा शुल्क** | **१०१.००** | **३५.६६** | **१०५.०३** | **९५.४४** | **११०.०** | **१९४.५** |
| **आयकर** | **२८,९४९.९६** | **१८,२८५.९८** | **२१,०५४.०८** | **२३,९०१.८२** | **८८.१** | **१५.१** |
| आयकर | २५,५५०.४२ | १६,१८१.३३ | १८,७१७.३९ | २०,५७०.४२ | ९१.० | १५.७ |
| ब्याज कर | ३,३९९.५४ | २,१०४.६५ | २,३३६.६९ | ३,३३१.३९ | ७०.१ | ११.० |
| **कर राजस्व जम्मा** | **१०६,७९६.२५** | **७५,८३७.५५** | **८७,२५३.९७** | **९५,१२२.३२** | **९१.७** | **१५.१** |
| **गैर कर जम्मा** | **११,२६३.७९** | **५,३९७.७४** | **६,९५८.६०** | **८,५६१.६१** | **८१.३** | **२८.९** |
| **कूल राजस्व जम्मा** | **११८,०६०.०४** | **८१,२३५.२९** | **९४,२१२.५७** | **१०३,६८३.९३** | **९०.९** | **१६.०** |
| **अन्य प्राप्ति** | **-** | **३,७०६.५६** | **४,३४४.९४** | **-** | **-** | **१७.२** |
| **जम्मा राजस्व/प्राप्ति** | **११८,०६०.०४** | **८४,९४१.८५** | **९८,५५७.५१** | **१०३,६८३.९३** | **९५.१** | **१६.०** |


स्रोतः अर्थ मन्त्रालय

#भन्सार महशुल अन्तर्गत पैठारी, निकासी, पूर्वाधार कर, भन्सारको अन्य आय, कृषि सुधार शुल्क, सडक मर्मत तथा सुधार दस्तुर, सडक निर्माण तथा सम्भार दस्तुर समावेश गरिएको।

४. चालु आर्थिक वर्षको जेठसम्म गत आर्थिक वर्षको सोही अवधिको तुलनामा आन्तरिक तर्फको मूल्य अभिवृद्धि कर सङ्कलनमा केही कमी आएको छ भने अन्य सम्पूर्ण शीर्षकका कर राजस्वमा वृद्धि भएको छ। यस अवधिमा शिक्षा सेवा शुल्कमा सबैभन्दा बढी दरले वृद्धि देखिएको छ।


५. चालु आर्थिक वर्षको जेठमहिनासम्म कुल राजस्व लक्ष्यको ९०.९ प्रतिशत सङ्कलन भएको छ। वार्षिक लक्ष्यको तुलनामा चालु आर्थिक वर्षको जेठ महिनासम्मको राजस्व सङ्कलन ७९.८ प्रतिशत पुगेको छ।

**चार्ट (क): पछिल्लो २ आर्थिक वर्षको जेठ महिनासम्मको सङ्कलित राजस्वको संरचना**




६. चालु आर्थिक वर्षको जेठसम्मको कुल राजस्व संकलनको संरचनामा सामान्य परिवर्तन आएको छ। चालु आर्थिक वर्षको पहिलो एघार महिनाको कुल राजस्वमा अन्तःशुल्कको हिस्सा वृद्धि भएको छ भने मूल्य अभिवृद्धि कर र भन्सार महशुलको हिस्सा घटेको छ।

**चार्ट (ख): पछिल्लो ५ वर्षको पहिलो एघार महिनाको राजस्व सङ्कलनको प्रवृत्ति** (रू. करोडमा)




स्रोत: अर्थ मन्त्रालय/महालेखा नियन्त्रक कार्यालय

७. कोभिड-१९ महामारीको कारण आर्थिक क्रियाकलाप प्रभावित हुँदा आर्थिक वर्ष २०७६/७७ को पहिलो एघार महिनामा राजस्व वृद्धिदर केही न्यून रहेको थियो। कोभिड-१९ को प्रभाव कम हुँदै गएसँगै राजस्व असुली बढ्दै गएको छ। आर्थिक वर्ष २०७७/७८ को पहिलो एघार महिनामा २५.४ प्रतिशत रहेको राजस्व वृद्धिदर चालु आर्थिक वर्षको सोही अवधिमा १६.० प्रतिशत रहेको छ।

## संघीय राजस्व

८. चालु आर्थिक वर्षको पहिलो एघार महिनामा संघीय सरकारको राजस्व परिचालन (बाँडफाँट अघिको रोयल्टी समेत) गत आर्थिक वर्षको सोही अवधिको रू. ७ खर्ब १४ अर्ब ४८ करोडको तुलनामा १५.७ प्रतिशतले वृद्धि भई रू. ८ खर्ब २६ अर्ब ६५ करोड पुगेको छ। यस अवधिमा प्रदेश र स्थानीय तहमा बाँडफाँट हुने कर राजस्व गत आर्थिक वर्षको रू. ९७ अर्ब ८७ करोडको तुलनामा १८.० प्रतिशतले वृद्धि भई रू. १ खर्ब १५ अर्ब ४८ करोड पुगेको छ।

## करको दायरा विस्तार

९. २०७९ जेठसम्म स्थायी लेखा नम्बर लिने करदाताको कुल संख्या ४८ लाख १३ हजार ५ सय ४६ पुगेको छ। यस अवधिमा दर्ता भएका कुल करदातामध्ये व्यक्तिगत स्थायी लेखा नम्बर लिने करदाता ३० लाख १४ हजार ५ सय ४२ (६२.६ प्रतिशत), व्यावसायिक स्थायी लेखा नम्बर लिने १७ लाख ८२ हजार २ सय ६१ (३७.० प्रतिशत), र करकट्टि गर्ने निकायले लिएको स्थायी लेखा नम्बर १६ हजार ७ सय ४३ (०.३ प्रतिशत) पुगेको छ। यसैगरी मूल्य अभिवृद्धि करमा दर्ता भएका करदाता ३ लाख १९ हजार ५ सय ३९ र अन्तःशुल्कमा दर्ता हुने करदाताको सङ्ख्या १ लाख १८ हजार १ सय ५५ पुगेको छ।

तालिका (ङ): व्यक्तिगत तथा व्यावसायिक स्थायी लेखा नम्बर लिएका करदाताको विवरण

| दर्ताको प्रकार | २०७८ असार मसान्त | आ.व. २०७७/७८ को जेठसम्ममा थप | आ.व. २०७८/७९ को जेठसम्ममा थप | २०७९ जेठसम्म |
|---|---|---|---|---|
| व्यावसायिक स्थायी लेखा नम्बर | १५८०३८० | २३४९६२ | २०१८८१ | १७८२२६१ |
| व्यक्तिगत स्थायी लेखा नम्बर | २४७५७५३ | ४८२६९५ | ५३८७८९ | ३०१४५४२ |
| करकट्टी गर्ने निकायले लिएको स्थायी लेखा नम्बर | ९९९८ | ४१२० | ६७४५ | १६७४३ |
| **जम्मा स्थायी लेखा नम्बर** | **४०६६१३१** | **७२१७७७** | **७४७४१५** | **४८१३५४६** |
| **मू.अ.कर** | **२९०७१४** | **३३०२१** | **२८८२५** | **३१९५३९** |
| **अन्तः शुल्क** | **१०४१८२** | **१७२१०** | **१३९७३** | **११८१५५** |

स्रोतः आन्तरिक राजस्व विभाग

#स्थायी लेखा नम्बरको दर्ता खारेजीबाट कायम भएको सङ्ख्या मात्र समावेश गरिएको।

## वैदेशिक सहयोग तथा सार्वजनिक ऋण

## वैदेशिक सहयोग

१०. आर्थिक वर्ष २०७८/७९ को पहिलो एघार महिनामा वैदेशिक सहायता प्रतिवद्धता गत आर्थिक वर्षको तुलनामा ११.१ प्रतिशतले वृद्धि भई रू. २ खर्ब २४ अर्ब ६४ करोड रहेको छ। यसमध्ये अनुदान सहायता रू ९० अर्ब ३ करोड र ऋण सहायता रू. १ खर्ब ३४ अर्ब ६१ करोड रहेको छ। वैदेशिक सहायता प्रतिवद्धतामा अनुदान र ऋणको अंश क्रमशः ४०.१ प्रतिशत र ५९.९ प्रतिशत रहेको छ। गत आर्थिक वर्षको सोही अवधिमा वैदेशिक सहायता प्रतिवद्धता रू. २ खर्ब २ अर्ब २९ करोड रहेको थियो।

११. कुल वैदेशिक सहायता प्रतिवद्धतामध्ये युएसएआइडी, आई.एम.एफ, विश्व बैंक र एशियाली विकास बैंकबाट क्रमशः ३५.५ प्रतिशत, २०.८ प्रतिशत १७.३ प्रतिशत र १२.२ प्रतिशत वैदेशिक सहायता प्रतिवद्धता प्राप्त भएको छ।

१२. वैदेशिक सहायता प्रतिवद्धतामध्ये सबैभन्दा बढी बजेटरी सहायतामा ६९.२ प्रतिशत र सबैभन्दा कम खानेपानी तथा सरसफाई क्षेत्रमा १.४ प्रतिशत प्राप्त भएको छ।

१३. २०७९ जेठसम्म कुल रू. १६ अर्ब ५४ करोड वैदेशिक अनुदान (नगद अनुदान, सोधभर्ना हुने अनुदान र सोझै भुक्तानी अनुदान र वस्तुगत सहायता) प्राप्त भएको छ।

तालिका (च): आर्थिक वर्ष २०७८/७९ को पहिलो एघार महिनाको विकास सहायता प्रतिवद्धताको क्षेत्रगत अवस्था (रू. करोडमा)

| क्षेत्र | अनुदान | ऋण | कुल | प्रतिशतमा |
|---|---|---|---|---|
| शिक्षा | २९१.६८ | १२९२.९५ | १५८४.६३ | ७.१ |
| ऊर्जा | ०.०० | ७१७.०० | ७१७.०० | ३.२ |
| खानेपानी तथा सरसफाई | ३२०.६६ | ०.०० | ३२०.६६ | १.४ |
| कृषि | ०.०० | ११६२.२७ | ११६२.२७ | ५.२ |
| कोभिड | ०.०० | १९६९.७७ | १९६९.७७ | ८.८ |
| स्वास्थ्य | ०.०० | ८०१.९५ | ८०१.९५ | ३.६ |

| क्षेत्र | अनुदान | ऋण | कुल | प्रतिशतमा |
|---|---|---|---|---|
| वन तथा वातावरण | ३३३.९४ | ०.०० | ३३३.९४ | १.५ |
| बजेटरी सहायता | ७९७१.०० | ७५१७.०४ | १५४८८.०४ | ६८.९ |
| श्रम | ८६.१३ | ०.०० | ८६.१३ | ०.४ |
| जम्मा | ९००३.४० | १३४६०.९८ | २२४६४.३८ | १००.० |

स्रोतः अर्थ मन्त्रालय

## सार्वजनिक ऋण

१४. चालु आर्थिक वर्षको जेठ मसान्तसम्म रू. १ खर्ब ७५ अर्ब ४७ करोड आन्तरिक ऋण परिचालन गरिएको छ। साथै यस अवधिमा रू. ७२ अर्ब ६ करोड वैदेशिक ऋण प्राप्ति भएको छ।

१५. चालु आर्थिक वर्षको जेठ मसान्तसम्म रू. ४० अर्ब ३४ करोड आन्तरिक ऋण र रू. २२ अर्ब ८५ करोड गरी कुल रू. ६३ अर्ब १९ करोड ऋण फिर्ता गरिएको छ।

## वित्तीय क्षेत्र

१६. आर्थिक वर्ष २०७८/७९ को जेठ महिनासम्म निक्षेप र निजी क्षेत्रतर्फ प्रवाहित कर्जा क्रमशः ५.७ प्रतिशत र १३.५ प्रतिशतले वृद्धि भएको छ।

१७. २०७९ जेठसम्म ७५३ स्थानीय तहमध्ये ७५० स्थानीय तहमा वाणिज्य बैंकको शाखा पुगेको छ।

१८. २०७८ जेठ मसान्तसम्म बैंक तथा वित्तीय संस्थाको सङ्ख्या १३८ रहेकोमा गाभिने प्रकृया मार्फत् २०७९ जेठ मसान्तमा १२७ कायम भएको छ। २०७८ जेठ मसान्तसम्म बैंक तथा वित्तीय संस्थाको शाखा सङ्ख्या १०,६११ रहेकोमा २०७९ जेठ मसान्तमा शाखा सङ्ख्या ११,४९२ पुगेको छ।

## बीमा क्षेत्र

१९. चालु आर्थिक वर्षको जेठ महिनासम्म जारी भएको कुल बीमालेख सङ्ख्यामा गत आर्थिक वर्षको सोही अवधिको तुलनामा ३७.० प्रतिशतले वृद्धि भई १ करोड ४९ लाख ८० हजार ६ सय ५ पुगेको छ। जसमध्ये जीवन बीमालेख (म्यादी जीवन बीमालेख र वैदेशिक रोजगार बीमालेख सहित) र निर्जीवन बीमालेखको हिस्सा क्रमशः ८४.३ प्रतिशत र १५.७ प्रतिशत रहेको छ। गत वर्षको सोही अवधिमा उक्त हिस्सा क्रमशः ७७.५ प्रतिशत र २२.५ प्रतिशत रहेको थियो।

२०. यस अवधिमा सङ्कलन भएको बीमा प्रिमियम रकम गत आर्थिक वर्षको सोही अवधिको तुलनामा १९.२ प्रतिशतले वृद्धि भई रू. १ खर्ब ५३ अर्ब ६४ करोड पुगेको छ। गत आर्थिक वर्षमा उक्त रकम रू. १ खर्ब २८ अर्ब ८६ करोड रहेको थियो।


२१. यस अवधिको बीमा प्रिमियम रकममा जीवन बीमा र निर्जिवन बीमा तर्फको हिस्सा क्रमशः ७७.८ प्रतिशत र २२.२ प्रतिशत रहेको छ। गत आर्थिक वर्षको जेठ महिनासम्म उक्त हिस्सा क्रमशः ७९.४ प्रतिशत र २०.६ प्रतिशत रहेको थियो।

२२. चालु आर्थिक वर्षको जेठ महिनासम्म जारी भएको म्यादी जीवन बीमालेख र वैदेशिक रोजगार बीमालेख समेत समावेश गर्दा बीमाको दायरामा आएको जनसङ्ख्या ३६.९ प्रतिशत पुगेको छ। गत आर्थिक वर्षको सोही अवधिमा उक्त जनसङ्ख्या २४.८ प्रतिशत रहेको थियो।

## पूँजी बजार

२३. २०७८ जेठ मसान्तमा ३०२५.८३ विन्दुमा रहेको नेप्से सूचकांक २०७९ जेठ मसान्तमा १९९६.२६ विन्दु कायम भएको छ। यस अवधिमा वार्षिक विन्दुगत आधारमा बजार पूँजीकरण ३२.५ प्रतिशतले न्यून भई रू. २८ खर्ब ४४ अर्ब ११ करोड कायम भएको छ। गत आर्थिक वर्षको सोही अवधिमा यस्तो रकम रू. ४२ खर्ब १६ अर्ब रहेको थियो।


**चार्ट (ग): पछिल्लो ५ आर्थिक वर्षको जेठमसान्तको नेप्से सूचकाङ्क**




स्रोत: नेपाल स्टक एक्सचेन्ज लिमिटेड

२४. २०७९ जेठ महिनाको ३ गते २२६५.५२ विन्दुमा रहेको नेप्से सूचकाङ्क विभिन्न उतारचढावकाबीच महिनाको अन्तिम कारोवार भएको दिन जेठ ३१ गते १९९६.२५ विन्दु कायम भएको छ।

**चार्ट (घ): २०७९ जेठ महिनाको नेप्से सूचकाङ्क**




स्रोत: नेपाल स्टक एक्सचेन्ज लिमिटेड

## समग्र मूल्य स्थिति

२५. २०७९ जेठ मसान्तमा वार्षिक विन्दुगत उपभोक्ता मुद्रास्फिति ८.५६ प्रतिशत रहेको छ। गत वर्षको सोही अवधिमा यस्तो मुद्रास्फिति ४.१९ प्रतिशत रहेको थियो।

२६. २०७९ जेठमा खाद्य तथा पेय पदार्थ समूहको मुद्रास्फीति ७.४३ प्रतिशत र गैर-खाद्य तथा सेवा समूहको मुद्रास्फीति ९.४४ प्रतिशत रहेको छ। गत आर्थिक वर्षमा उक्त समूहको मुद्रास्फीति क्रमशः ६.२२ प्रतिशत र २.६३ प्रतिशत रहेको थियो।

## बाह्य क्षेत्र

### वस्तु निर्यात

२७. आर्थिक वर्ष २०७८/७९ को एघार महिनामा कुल वस्तु निर्यात गत आर्थिक वर्षको सोही अवधिको तुलनामा ५३.३ प्रतिशतको उच्च वृद्धि भई रू. १ खर्ब ८५ अर्ब ८४ करोड पुगेको छ। गत आर्थिक वर्षको सोही अवधिमा कुल वस्तु निर्यात रू. १ खर्ब २१ अर्ब २५ करोड रहेको थियो। यस अवधिमा प्रशोधित पाम तेल, सूर्यमुखीको प्रशोधित तेल, सेन्थेटिक यार्न र जुटका बुनिएका कपडा लगायतका वस्तुको निर्यात उल्लेख्य वृद्धि भएको छ। फलफूलको जूस, तयारी कपडा, ऊनी गलैंचा (कार्पेट) लगायतका वस्तुको निर्यातमा समेत उच्च वृद्धि भएको छ। यस अवधिमा अलैंचीको निर्यात भने ३२.० प्रतिशतले घटेको छ।

२८. यस अवधिको कुल निर्यातमध्ये भारत, चीन र अन्य देशहरूतर्फ भएको निर्यातको अंश क्रमशः ७८.५ प्रतिशत, ०.४ प्रतिशत र २१.१ प्रतिशत रहेको छ। गत वर्ष यस्तो निर्यात क्रमशः ७४.४ प्रतिशत, ०.८ प्रतिशत र २४.८ प्रतिशत रहेको थियो।

२९. यस अवधिमा भारततर्फ भएको निर्यात ६१.८ प्रतिशतले वृद्धि भएको छ भने चीन तर्फको निर्यात २१.४ प्रतिशतले कमी आएको छ।

**तालिका (छ): पछिल्लो दुई आर्थिक वर्षको जेठ महिनासम्म निर्यात भएका प्रमुख १० वस्तुहरूको तुलनात्मक स्थिति** (मूल्य रू. करोडमा)

| वस्तु | २०७७/७८ | २०७८/७९ | प्रतिशत परिवर्तन |
|---|---|---|---|
| भटमासको तेल प्रशोधित | ४२३४.७४ | ४६५८.७ | १०.० |
| प्रशोधित पाम तेल | ०.०४ | ३९११.२७ | - |
| सेन्थेटिक यार्न | ७१६.९८ | ११४७.१५ | ६०.० |
| उनी गलैंचा कार्पेट | ६४७.२७ | ८६०.८१ | ३३.० |
| तयारी कपडा | ४६२.८१ | ६३४.३३ | ३७.१ |
| जुटका बुनिएका कपडा | ३७९.८१ | ५५९.८२ | ४७.४ |
| फलफुलको जुस | ३८२.७ | ५४०.१८ | ४१.१ |
| अलैची | ६७०.३८ | ४५५.६६ | -३२.० |
| सुर्यमुखिको प्रशोधित तेल | १९१.३६ | ४४५.६१ | १३२.९ |
| जमोठ कपडा | ३५६.०९ | ४४२.३५ | २४.२ |
| अन्य | ४०८३.२१ | ४९२७.७१ | २०.७ |
| **जम्मा** | **१२१२५.३९** | **१८५८३.५९** | **५३.३** |

स्रोतः भन्सार विभाग

### वस्तु आयात

३०. चालु आर्थिक वर्ष २०७८/७९ को जेठ महिनासम्म कुल वस्तु आयात गत आर्थिक वर्षको सोही अवधिको तुलनामा २७.५ प्रतिशतले वृद्धि भई रू. १७ खर्ब ६३ अर्ब २२ करोड पुगेको छ। गत आर्थिक वर्षको सोही अवधिमा कुल वस्तु आयात रू. १३ खर्ब ८३ अर्ब ३६ करोड रहेको थियो।

**तालिका (ज): पछिल्लो दुई आर्थिक वर्षको जेठ महिनासम्म आयात भएका प्रमुख १० वस्तुहरूको तुलनात्मक स्थिति** (मूल्य रू. करोडमा)

| वस्तु | २०७७/७८ | २०७८/७९ | प्रतिशत परिवर्तन |
|---|---|---|---|
| डिजेल | ७९४५.०४ | १४५२१.९४ | ८२.८ |
| पेट्रोल | २८८०.०२ | ६२९१.९८ | ११८.५ |
| एल पि ग्यास | ३३१५.२४ | ५९१६.५४ | ७८.५ |
| भटमासको तेल कच्चा | ४५५९.९४ | ५३२५.५२ | १६.८ |
| एम.एस.विलेट | ६५३९.८९ | ४८८१.९४ | -२५.४ |
| सुन | २१२०.७३ | ३९३२.७ | ८५.४ |
| मोवाइल टेलिफोन | ३४१४.८५ | ३८०६.७ | ११.५ |
| कच्चा पाम तेल | ६४९.३१ | ३६५९.६५ | ४६३.६ |
| एच.आर.सिट | २४१७.६३ | ३४९३.७ | ४४.५ |
| अन्य कोइला | २३८१.०६ | ३४४५.९९ | ४४.७ |
| कुल | ३६२२३.७१ | ५५२७६.६६ | |
| अन्य | १०२११२.६७ | १२१०४५.७६ | १८.५ |
| **जम्मा** | १३८,३३६ | १७६,३२२ | २७.५ |

स्रोतः भन्सार विभाग

३१. चालु आर्थिक वर्षको जेठ महिनासम्म गत आर्थिक वर्षको सोही अवधिको तुलनामा कच्चा पाम तेल, पेट्रोल, एलपी ग्यास, डिजेल, सुन लगायतका वस्तुको आयात उच्च दरले बढेको छ। गत आर्थिक वर्षको तुलनामा चालु आर्थिक वर्षको जेठ महिनासम्म एम.एस.विलेट, गहुँ, चिनी, धान लगायतका वस्तुको आयात घटेको छ।


३२. यस अवधिको कुल आयातमध्ये भारत, चीन र अन्य देशहरूतर्फको आयातको अंश क्रमशः ६२.४ प्रतिशत, १३.९ प्रतिशत र २३.७ प्रतिशत रहेको छ। गत आर्थिक वर्षमा यस्तो अनुपात क्रमशः ६४.१ प्रतिशत, १५.२ प्रतिशत र २०.७ प्रतिशत रहेको थियो।

३३. यस अवधिमा भारत तर्फको आयातमा २४.२ प्रतिशतले वृद्धि भएको छ भने चीन तर्फको आयातमा १६.० प्रतिशतले वृद्धि भएको छ।

## व्यापार सन्तुलन

३४. आर्थिक वर्ष २०७८/७९ को जेठ महिनासम्म वस्तु व्यापार घाटा गत आर्थिक वर्षको सोही अवधिको तुलनामा २५.० प्रतिशतले वृद्धि भई रू. १५ खर्ब ७७ अर्ब ३९ करोड पुगेको छ। गत आर्थिक वर्षको सोही अवधिमा वस्तु व्यापार घाटा रू. १२ खर्ब ६२ अर्ब ११ करोड रहेको थियो।


**चार्ट (ङ): पछिल्लो ५ आर्थिक वर्षको जेठ महिनासम्मको वस्तु व्यापार घाटाको स्थिति** (रू. अर्बमा)




स्रोतः भन्सार विभाग

३५. विगत पाँच आर्थिक वर्षको जेठ महिनासम्मको तथ्याङ्क विश्लेषण गर्दा आर्थिक वर्ष २०७६/७७ मा वस्तु व्यापार घाटामा केही सुधार भए तापनि अन्य आर्थिक वर्षमा यस्तो घाटा वृद्धि भएको छ। निर्यातको वृद्धिदर आयातको तुलनामा उच्च भए पनि कुल वैदेशिक व्यापारमा आयातको हिस्सा उच्च भएकोले व्यापार घाटा उच्च दरले वृद्धि भएको हो।

**चार्ट (च): पछिल्लो ५ वर्षको जेठ महिनासम्मको कुल वस्तु व्यापारमा निर्यात र आयातको अंश (प्रतिशतमा)**




स्रोतः भन्सार विभाग

३६. नेपालको कुल व्यापारमा आयातको हिस्सा अत्याधिक रहेको छ। विगत पाँच आर्थिक वर्षको एघार महिनाको तथ्याङ्क विश्लेषण गर्दा कुल व्यापारमा निर्यातको हिस्सा क्रमशः वृद्धि हुँदै गएको छ। चालु आर्थिक वर्षको जेठसम्म कुल वस्तु व्यापारमा निर्यात र आयातको अंश क्रमशः ९.५ प्रतिशत र ९०.५ प्रतिशत रहेको छ। गत आर्थिक वर्षको सोही अवधिमा यस्तो अंश क्रमशः ८.१ प्रतिशत र ९१.९ प्रतिशत रहेको थियो।

## सेवा व्यापार

३७. आर्थिक वर्ष २०७८/७९ को पहिलो एघार महिनाको कुल सेवा आय गत वर्षको सोही अवधिको संशोधित सेवा आय रू. ७३ अर्ब ६ करोडको तुलनामा ४२.२ प्रतिशतले वृद्धि भई रू. १ खर्ब ३ अर्ब ८८ करोड पुगेको छ। यस अवधिमा गत वर्षको सोही अवधिको सेवा खर्च रू. १ खर्ब ३६ अर्ब ९५ करोडमा ४८.८ प्रतिशतले वृद्धि भई रू. २ खर्ब ३ अर्ब ८१ करोड पुगेको छ।

३८. आर्थिक वर्ष २०७८/७९ को जेठ महिनासम्म खुद सेवा आय रू. ९९ अर्ब ९३ करोडले ऋणात्मक रहेको छ। गत वर्षको सोही अवधिमा खुद सेवा आय रू. ६३ अर्ब ८९ करोडले घाटामा रहेको थियो।

## विप्रेषण आप्रवाह र वैदेशिक रोजगार

३९. आर्थिक वर्ष २०७८/७९ को जेठ महिनासम्म विप्रेषण आप्रवाह गत आर्थिक वर्षको सोही अवधिको रू. ८ खर्ब ७१ अर्ब ३० करोडको तुलनामा ३.८ प्रतिशतले वृद्धि भई रू. ९ खर्ब ४ अर्ब १८ करोड पुगेको छ। गत आर्थिक वर्षको सोही अवधिमा विप्रेषण आप्रवाह १२.६ प्रतिशतले वृद्धि भएको थियो।

४०. चालु आर्थिक वर्षको जेठ महिनासम्म अन्तिम श्रम स्वीकृति लिई वैदेशिक रोजगारीमा गएका नेपाली कामदारको सङ्ख्या गत आर्थिक वर्षको सोही अवधिको तुलनामा उल्लेख्य वृद्धि भई ३ लाख १३ हजार ३ सय ६७ पुगेको छ। गत आर्थिक वर्षको सोही अवधिमा उक्त सङ्ख्या ६८.० प्रतिशतले कमी आई ६२ हजार ११ मा झरेको थियो। यस अवधिमा पुनः श्रम स्वीकृति लिई वैदेशिक रोजगारीमा गएका नेपाली कामदारको सङ्ख्यामा समेत उल्लेख्य वृद्धि भई २ लाख ५९ हजार ९१ पुगेको छ।

## चालु खाता एवम् शोधनान्तर स्थिति

४१. आर्थिक वर्ष २०७८/७९ को जेठ महिनासम्ममा शोधनान्तर घाटा रू. २ खर्ब ६९ अर्ब ८१ करोड रहेको छ। गत आर्थिक वर्षको सोही अवधिमा शोधनान्तर घाटा रू. १५ अर्ब १५ करोड रहेको थियो। त्यसैगरी यस अवधिमा चालु खाता रू. ५ खर्ब ९५ अर्ब ७३ करोडले घाटामा रहेको छ। गत वर्षको सोही अवधिमा चालु खाता रू. २ खर्ब ९८ अर्ब ११ करोडले घाटामा रहेको थियो।

## विदेशी विनिमय सञ्चिति

४२. आर्थिक वर्ष २०७८/७९ को जेठ महिनासम्म विदेशी विनिमय सञ्चितिमा गत वर्षको सोही अवधिको रू. १३ खर्ब ६५ अर्ब ६५ करोडको तुलनामा १३.८ प्रतिशतले कमी आई रू ११ खर्ब ७६ अर्ब ८४ करोड कायम भएको छ।

४३. आर्थिक वर्ष २०७८/७९ को जेठ महिनासम्मको आयातलाई आधार मान्दा बैंकिङ्ग क्षेत्रसँग रहेको विदेशी विनिमय सञ्चितिले ७.५३ महिनाको वस्तु आयात र ६.७३ महिनाको वस्तु तथा सेवाको आयात धान्न पर्याप्त रहेको छ।

## विनिमय दर


४४. २०७८ असार मसान्तको तुलनामा २०७८ जेठ मसान्तमा अमेरिकी डलरसँग नेपाली रूपैयाँ ४.४३ प्रतिशतले अवमूल्यन भई अमेरिकी डलर एकको खरिद विनिमय दर रू. १२४.५६ पुगेको छ। २०७८ असार मसान्तमा उक्त विनिमय दर रू. ११९.०४ रहेको थियो।

## अन्य आर्थिक गतिविधि

### कम्पनी दर्ता

४५. आर्थिक वर्ष २०७७/७८ को जेठ महिनासम्म दर्ता भएका कम्पनीको संख्या २५,४३६ रहेकोमा चालु आर्थिक वर्षको जेठ मसान्तमा यस्तो सङ्ख्या १५.७ प्रतिशतले वृद्धि भई २९४१७ पुगेको छ।

**चार्ट (छ): पछिल्लो पाँच आर्थिक वर्षको पहिलो नौ महिनाको कम्पनी दर्ताको प्रवृत्ति** (सङ्ख्यामा)




स्रोतः कम्पनी रजिष्ट्रारको कार्यालय

**पर्यटक आगमन**

४६. सन् २०२२ को जुन महिनासम्म नेपाल आउने पर्यटकको सङ्ख्या उल्लेख्य वृद्धि भई २ लाख ३७ हजार ६ सय ६० पुगेको छ। गत वर्षको सोही अवधिमा उक्त सङ्ख्या ७३.७ प्रतिशतले घटेर ५८ हजार ५८ मा झरेको थियो।

४७. सन् २०२२ को मे महिनासम्ममा पर्यटन क्षेत्रबाट प्राप्त भएको आयमा समेत उल्लेख्य वृद्धि भई रू २५ अर्ब ५२ करोड पुगेको छ। गत आर्थिक वर्षमा यस्तो आय ८८.६ प्रतिशतले कमी आई रू ६ अर्ब ६९ करोड प्राप्त भएको थियो।

## अन्य गतिविधिहरू

४८. आर्थिक वर्ष २०७९/८० को बजेट वक्तव्य तथा आर्थिक वर्ष २०७८/७९ को आर्थिक सर्वेक्षण र सार्वजनिक संस्थानको वार्षिक स्थिति समीक्षा २०७९ पुस्तक तयार गरी माननीय अर्थमन्त्रीद्वारा व्यवस्थापिका संसदमा प्रस्तुत गर्नुभएको।

४९. आर्थिक विधेयक, २०७९, विनियोजन विधेयक, २०७९, राष्ट्र ऋण उठाउने विधेयक, २०७९ र ऋण तथा जमानत (पच्चीसौं संशोधन) विधेयक, २०७९ को प्रस्ताव मिति २०७९।२।१५ मा मन्त्रिपरिषद्मा पेश गरिएको र सोही मितिमा मन्त्रिपरिषद्बाट स्वीकृत भई उक्त विधेयकहरू संघीय संसदमा पेश भएको।

५०. मूल्य अभिवृद्धि कर (चौबिसौं संशोधन) नियमावली, २०७९, अन्तःशुल्क (तेईसौं संशोधन) नियमावली, २०७९, भन्सार (तेह्रौं संशोधन) नियमावली, २०७९ र आयकर (तेह्रौं संशोधन) नियमावली, २०७९ को मस्यौदा मिति २०७९।२।१५ मा मन्त्रिपरिषद्मा प्रस्ताव पेश गरिएकोमा मन्त्रिपरिषद्बाट स्वीकृत भएपश्चात नेपाल राजपत्रमा सूचना प्रकाशनका लागि मिति २०७९।२।३० मा मुद्रण विभागमा पठाइएको।

५१. राजस्व छुट सम्बन्धी ४६ वटा सूचना मिति २०७९।०२।२० मा राजपत्रमा प्रकाशनको लागि मुद्रण विभाग पठाइएको।